नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
महोत्तरी, जलेश्वर

प्र.जि.अ. निवास-५२०१५५
कार्यालय-५२०१७७
फ्याक्स नं.- ५२०२००

Email:-daomahottari@moha.gov.np
Web:-www.moha.gov.np

पत्र संख्या - २०७७/०७८
च.नं. ६४५८

मितिः २०७७/१२/२०

श्री प्रशासन
सबै वडा कार्यालयहरुलाई पत्राचार गर्नुका साथै web site मा समेत upload गर्ने व्यवस्था मिलाउने।

विषयः- नागरिकता प्रमाणपत्रको सिफारिस सम्बन्धमा ।

श्री स्थानीय तह सबै,
महोत्तरी ।

प्रस्तुत विषयमा नेपाली नागरिकताको प्रमाणपत्र विवरण सम्बन्धी अभिलेखलाई व्यवस्थित, वैज्ञानिक, आधुनिक एवं कागज रहित बनाउनका लागि नागरिकताको प्रमाणपत्र जारी गर्दा प्रमाणको रुपमा पेश गरिने अनुसूची लगायतका प्रमाणजन्य कागजातहरु (Supporting Documets) नागरिकताको विस्तृत विवरण रहने गरी स्थापना भएको नागरिकता सूचना व्यवस्थापन प्रणाली (CIMS) मा मिति २०७८/०१/०१ देखी अनिवार्य रुपमा उल्लेखित नागरिकताको प्रमाणपत्र जारी गर्दा प्रमाणको रुपमा पेश गरिने अनुसूची लगायतका महत्वपुर्ण प्रमाणजन्य कागजातहरु अपलोड गर्ने सम्बन्धमा गृह मन्त्रालयको च.नं. ३४९ मिति २०७७/११/१३ को निर्देशनात्मक पत्र प्राप्त भएको हुँदा उक्त निर्देशन कार्यान्वयन गर्ने सन्दर्भमा तहाँ स्थानीय तहका सबै वडा कार्यालयबाट अनिवार्य रुपमा निम्नानुसार गर्ने व्यवस्था मिलाई कार्यान्वयनको लागि आवश्यक सहयोग र समन्वय गरी दिनु हुन अनुरोध छ ।

निम्नानुसार -

१. वंशज खुल्ने कागज (बुवा/आमाको नागरिकता) ।
२. जन्म मिति, जन्म स्थान र नाता खुल्ने कागजात (जन्मदर्ता) साथै शैक्षिक प्रमाणपत्रहरु ।
३. नागरिकताको अनुसूची फाराम र सो अनुसूची फाराम साथ संलग्न हुने कागजातहरुको साईजमा एक रुपता कायम गरी A4 साईजको नेपाली कागज मात्र प्रयोगमा ल्याउने ।
४. नागरिकताको अनुसूचीमा टाँस हुने फोटोको हकमा हालसालै खिचिएको दुवै कान देखिने प्रस्ट र सफा फोटो मात्र टाँस गर्नु पर्ने ।
५. नागरिकताको अनुसूचीमा सिफारिश गर्ने वडा अध्यक्षज्यूको नामथर, दस्तखत र छाप प्रस्ट रुपमा देखिने हुनुपर्ने ।
६. नागरिकताको अनुसूचीमा कार्यालयको छाप प्रस्ट रुपमा देखिनु पर्ने ।
७. नागरिकताको अनुसूचीमा टाँस भएको फोटोमा समेत पर्ने गरी वडा अध्यक्षज्यूको दस्तखत र छाप अनिवार्य हुनुपर्ने

२०७७/१२/२०



प्रमुख जिल्ला अधि...

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
महोत्तरी, जलेश्वर

प्र.जि.अ. निवास-५२०१५५
कार्यालय-५२०१७७
फ्याक्स नं.- ५२०२००
Email:-daomahottari@moha.gov.np
Web:-www.mha.gov.np

मिति:..................

८. वडा अध्यक्षको अनुपस्थितमा का.वा. अध्यक्षले सिफारिश गर्नु पर्ने हकमा का.वा. दिएको पत्र अनिवार्य रुपमा अनुसूची साथ संलग्न गरी पठाइदिनु पर्ने ।

९. नागरिकताको अनुसूचीमा उल्लेख भएका सबै महलहरु अनिवार्य रुपमा भर्नु पर्ने । नागरिकताको अनुसूचीमा कुनै प्रकारको केरमेट नगरी प्रस्टसँग भरी पठाउनु पर्ने ।

१०. नागरिकता अनुसूचीको महल नं. ६,७,८ र ९ मा बुवा / आमा / पति/ पत्नीको नागरिकता नं. समेत उल्लेख गरी पठाई दिने ।

११. नयाँ नागरिकता वा नागरिकताको प्रतिलिपी सिफारिश गर्दा निज र निजको परिवार अन्यत्रबाट बसाई सराई भई आएको वा अन्यत्र गएको एकिन गर्नु पर्ने ।

१२. उमेर बढी भएकाहरुको हकमा रित पूर्वकको वडा मुचुल्का गरी पठाउने ।

२०७७।१२।२०.
..............................
तिर्थराज भट्टराई
प्रमुख जिल्ला अधिकारी

बोधार्थ:-

श्री जिल्ला समन्वय समितिको कार्यालय, महोत्तरी:- आवश्यक समन्वय र सहजिकरणको लागि अनुरोध छ।
श्री इलाका प्रशासन कार्यालय :-
बर्दिवास / गौशाला / रामगोपालपुर, महोत्तरी – उल्लेखित अनुसार गर्नु गराउनु हुन ।